

# पार्टीका वास्तविक अभिभावक

पवित्रा निरौला
केन्द्रीय निर्वाचन आयोग सदस्य

यो त्यो बेलाको कुरा हो, जतिबेला देशमा पञ्चायती कालरात्रि र निरङ्कुश शासन थियो। लेख्न, बोल्न र स्वतन्त्रतापूर्वक हिँडडुल गर्न प्रतिबन्ध थियो। आज सम्झँदा कथाजस्तो लागे पनि यो हामीले व्यहोरेको निकट इतिहास हो। आजको खुला र स्वतन्त्र समाज निर्माणका लागि कहालीलाग्दो सङ्घर्ष गर्नुपरेको थियो। यो व्यवस्था र उपलब्धिका लागि कैयौँले बलिदान दिएका छन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्न देशले हजारौँ अप्ठेरा कुइनेटा पार गर्नुपरेको छ। यसबीच कैयौँ नेपाली आमाका सपुतहरूले ज्यान गुमाउनु परेको छ।

लोकतन्त्र र जनजीविकाका लागि भएको यस सङ्घर्षमा मैले पनि जीवनको उर्वर समय खर्चिएकी छु। सङ्घर्षका ती अक्करिला दिनहरूको स्मरण गर्दा आज आफैँलाई गर्वबोध हुन्छ। सम्झन्छु त्यसबेलाको समय। मुठ्ठीभरका सामन्त दलालहरूको नाइकेले राज गरिरहेको थियो। अन्याय, अत्याचार र शोषणमा परेका जनताको पक्षमा बोल्ने कोही थिएनन्। जस्तासुकै अपराध गरे पनि अपराधीलाई कारबाही हुँदैनथ्यो। पीडित टुलुटुलु हेरेर बस्न बाध्य हुन्थे। २०३५/३६ सालमा हामी पाँच/छ कक्षामा पढ्दै थियौँ। विद्यार्थी आन्दोलन चर्कंदै थियो। हाम्रो स्कुलमा पनि हामीलाई आन्दोलनमा सहभागी गराउन विद्यार्थी नेताहरू इन्द्र बुढाथोकी, वीरबहादुर बुढाथोकी, रमेश पौडेल, राजकुमार पोखरेलहरू आउनु हुन्थ्यो।

हामी २०३५/३६ सालदेखि नै विद्यार्थी आन्दोलन र विभिन्न गतिविधिमा सरिक भयौँ। अनेरास्ववियुको प्रारम्भिक कमिटी पनि गठन गरियो। २०३७ सालमा हिमालय माध्यमिक विद्यालय, दमकमा स्वतन्त्र विद्यार्थी युनियन गठन गर्‍यौँ। त्यसको कोषाध्यक्ष पदमा म चुनिएँ। विद्यार्थीहरूका हकहित र अधिकारका लागि विभिन्न

गतिविधि र आन्दोलन गऱ्यौं। त्यसताका विद्यार्थी आन्दोलनमा सक्रिय र समर्पित त्यस माविका विद्यार्थीहरूमा विश्व बराल, सुरेन्द्र चाम्लिङ, छवि सुब्बा, रेणुका राई, विष्णु राई, देवी कार्की, सीता भट्टराई, शारदा सापकोटा, म लगायत थियौँ।

विद्यार्थी राजनीतिसँगै हामीलाई पार्टी सम्पर्क पनि दिइयो। २०३५ सालमा गठित नेकपा (माले) पार्टीको सम्पर्क लिएर पहिलो पटक कमरेड पर्शुराम सञ्जेल आउनु भयो। उहाँले हामीलाई नेकपा (माले) को गठन, विश्व कम्युनिस्ट आन्दोलनको इतिहास, नेपाल कम्युनिस्ट पार्टीको इतिहास, पार्टी नीति, कार्यक्रम, उद्देश्यका बारेमा प्रशिक्षित गर्नुभयो। देशको वर्तमान राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय राजनीति र कम्युनिस्ट पार्टीको अवस्थाका बारेमा अवगत गराउनु भयो।

हामीले लामो समयसम्म युथ लिगमा बसेर काम गऱ्यौं। आफूले जानेका, बुझेका कुरा अरूलाई बुझाउन र पार्टीका साथीहरूको सम्पर्कको दायरा बढाउन हामीलाई व्यक्ति–व्यक्ति सम्पर्क गर्ने, गोपनीयतालाई ध्यान दिँदै पार्टीको नीतिअनुरूप काम गर्न निर्देशन थियो। नेकपा (माले)को कठोर अनुशासनलाई पालना गर्दै प्रतिक्रियावादीहरूको निगरानीबाट पार्टीलाई जोगाउँदै, पार्टीको प्रचारप्रसारलाई व्यापक बनाउनु पर्ने थियो। त्यसै अनुसार व्यक्ति–व्यक्तिबाट परिवारका सदस्यहरूलाई सम्पर्क गर्दै कामको विस्तार गर्थ्यौं। म बिस्तारै विद्यार्थी राजनीतिबाट अनेमसङ्घको राजनीति हुँदै पार्टीको जिम्मेवारीतिर अगाडि बढेँ। अर्धभूमिगत भएर पाँच वर्षसम्म झापाका विभिन्न पालिकामा, विभिन्न पार्टी कमिटीमा र जनवर्गीय सङ्गठनको जिम्मेवारी सम्हाल्ने दौरानमा झापाका सयौँ सेल्टरमा बसेर काम गरेँ।

पार्टी निर्माण, विकास र विस्तारमा सेल्टरको महत्त्वपूर्ण योगदान छ। जनताको साथ–समर्थन र सहयोग नहुने हो भने कम्युनिस्ट पार्टीको स्थिति आज यस अवस्थामा हुने थिएन। विश्वको कम्युनिस्ट इतिहासलाई हेर्दा पनि प्रस्ट हुन्छ कि कुनै पनि सङ्घर्ष, क्रान्ति र परिवर्तन तमाम जनताको साथ र समर्थनले मात्र सम्भव हुन्छ। यिनै सवाललाई आत्मसात् गर्दै पार्टीले व्यापक रूपमा जनतामाझ जाने, जनताको दुःखसुखमा साथ दिने, जनताकै राय सल्लाह र सुझाव अनुसार काम गर्ने, जनभावनामा एकाकार हुँदै, पार्टी विस्तार र सङ्घर्षलाई तेज बनाउने नीति लिएको थियो।

हामीले सोही अनुरूप काम गऱ्यौँ। व्यक्ति सङ्गठनको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत र सम्पूर्ण पार्टी सदस्य केन्द्रीय कमिटीको मातहत हुने सङ्गठनात्मक ढाँचामा कमिटी निर्माण र परिचालन गरियो। माओ त्सेतुङका अनुशासनका तीन नियम र ध्यान दिनु पर्ने आठ कुरालाई

कडाइका साथ पालना गर्नुपर्थ्यो । आलोचना र आत्मालोचना हरेक बैठकको विषयवस्तु बनाएर साथीलाई सुधार्न सकारात्मक पवित्र भावनाका साथ काम गरिन्थ्यो । कम्युनिस्ट पार्टी बलियो बनाउन र असल कम्युनिस्ट कार्यकर्ता बनाउन कमरेडली भावनाका साथ गरिने आलोचना आत्मलोचनाको विशेष महत्त्व थियो। हामी हाम्रो समाजको वर्ग विश्लेषण गरेर राजनीतिक काम गर्थ्यौं । शोषित–पीडित, सर्वहारा–श्रमजीवी वर्गको हित प्रतिनिधित्व गर्ने राजनीति गर्दथ्यौँ। पुँजीपति वर्गबाट आएको भए पनि या धनी किसान वर्ग भए पनि सर्वहारा वर्गको हित प्रतिनिधित्व गर्ने छ भने त्यस्ता साथीहरूलाई पनि समेट्दै जनहितका लागि मिहिनेतपूर्वक काम गर्थ्यौं ।

रगतको नाताभन्दा वर्गीय नातालाई प्राथमिकता दिन्थ्यौँ। वैचारिक नाता र वर्गीय नातालाई नजिकको नाता मान्थ्यौँ र व्यवहार पनि त्यस्तै गर्थ्यौं । विचार र सिद्धान्त मिल्ने नाता अति प्रिय हुन्थ्यो । कमरेडली नाता पवित्र नाता थियो । जनताको हितका निम्ति र कमरेडका हितका खातिर मर्नै परे पनि हाँसीहाँसी मर्न तयार हुन्थ्यौँ। हामीले हाम्रो घर–व्यवहार त्यागेका थियौँ। नाता सम्बन्ध समेत त्यागेका थियौँ। म मेरो परिवार, मेरो नाताका लागि होइन, हामी, हाम्रो परिवार, हामी सबैको नाता, हाम्रो समाज र हाम्रो देश, आफ्नो प्यारो मातृभूमिका लागि सोचेर काम गर्थ्यौं ।

त्यसबेलाको पार्टीको स्कुलिङ नै राष्ट्र, राष्ट्रियता, जनवाद, जनजीविकामा आधारित थियो। सामूहिक भावनालाई कदर गरिन्थ्यो। पार्टी र पार्टी कार्यकर्ताप्रति जनताको अगाध प्रेम थियो । हरेक सेल्टरदाताले पार्टी कार्यकर्तालाई आफ्नै सन्तानका रूपमा व्यवहार गर्नुहुन्थ्यो। अति विश्वास र अति नै माया, स्नेह गर्नुहुन्थ्यो। जनताकै स्नेह, विश्वास र मायाका कारण पार्टीले छोटो समयमा धेरै उपलब्धि हासिल गर्न सफल भयो । सेल्टर र सेल्टरदाता जनताको सहयोगले नै पार्टीलाई यो उचाइमा पुऱ्याउन सफल भइयो ।

दमक नगरपालिका मेरो माइती गाउँ हो । यही नगरबाट मैले राजनीतिक जीवनमा प्रवेश गरेकी हुँ। मेरो माइतीनगरका १९ वटै वडामा म राजनीति प्रचार र पार्टी काम गर्न पुगेकी छु । जुन नगरमा मेरो बाल्यकाल बित्यो, जवानी बित्यो, जुन नगरमा हाम्रा अग्रजहरू र हामीले सयौँ सेल्टर निर्माण गऱ्यौँ। पार्टी सङ्गठन, अखिल नेपाल महिला सङ्घ, अखिल नेपाल किसान सङ्घ, युथ लिग, मजदुर सङ्गठन, बाल सङ्गठनहरू तिनै सेल्टरमा बसेर निर्माण र परिचालन गऱ्यौँ। पार्टीका जिम्मेवार नेताहरू कृष्ण गौतम, इन्द्र बुढाथोकी, कालिदास श्रेष्ठ, प्रदीप नेपाल आउनु हुन्थ्यो। उहाँहरूकै निर्देशनमा हामी काम गर्दथ्यौँ। पार्टीको नेतृत्व गर्न अग्रज दिदीहरू शोभा कुँवर र सीता पाठक

आउनु हुन्थ्यो । उहाँहरूबाट हामी महिलाहरू धेरै प्रभावित भयौँ । मेरा विद्यार्थी सहयात्री साथीहरूमा देवी कार्की, सीता भट्टराई, राधिका बराल, जानुका बराल, ज्ञानु गौतम, विश्व बराल, विमला दहाल, निर्मला दहाल, हेमलत्ता भट्टराई, देवी धिमाल, नविन पौडेल, गीता बराल, राधिका निरौला, गङ्गा निरौला, जमुना निरौला, रेणुका राई, निर्मला निरौला, शारदा सापकोटा, मुना सापकोटा आदि हुनुहुन्थ्यो । पछि अनेमसङ्घमा सङ्गठित भएपछिका सहयात्री साथीहरूमा शारदा भट्टराई (सापकोटा), मेनुका काफ्ले, यशोदा अधिकारी, विष्णु खड्का, टीका घिमिरे, विमला दहाल, विष्णु राई, सुमित्रा कडरिया, द्रौपदी दहाल, विष्णु ओझा, सीता सेलवाल हुनुहुन्थ्यो ।

पछिल्लो समयका सक्रिय महिला साथीहरूमा धर्मकला पौडेल, धर्मकला चुँडाल, पवित्रा पाठक, मनमाया घिमिरे, इन्दिरा खनाल, भक्ता दहाल, हिमा पोख्रेल, सरिता गुरागाईं, सीता नेपाल, अम्बिका खवास, इन्दिरा सिवाकोटी, कल्पना सिटौला, यमुना खरेल, नरमाया कार्की हुनुहुन्थ्यो । झापामा हामीले विभिन्न प्रकारका सेल्टर तयार गरेका थियौँ । ठूलठूला प्रशिक्षण गर्ने सेल्टर, पार्टीका नेता–कमरेडहरू बस्ने सेल्टर, पार्टीका बैठक बस्ने सेल्टर र अन्य सम्पर्क सेल्टरहरू थिए । पूर्वमा भन्दा पश्चिमतिर धेरै सेल्टर थिए । दमकमा पुरानो नेता बस्ने सेल्टरमा जीवन धिमालको घर, लीला घोर्साइको घर र कृष्ण गौतमको घर थियो । पछिका दिनमा धेरै सेल्टर निर्माण भए । भूमिगत पार्टी निर्माण गर्नु भनेकै सेल्टरहरू निर्माण गर्नुजस्तै थियो । जति धेरै सेल्टर, त्यति नै सुरक्षित पार्टी निर्माण कार्य हुन्थ्यो ।

धेरै बैठक बस्ने र प्रशिक्षण गर्ने सेल्टरहरूमा लीला श्रेष्ठ, लोकबहादुर धिमाल, गजेन्द्र श्रेष्ठ, खड्गमाया निरौला, इन्द्र बुढाथोकी, श्रीप्रसाद लामिछाने, मनोरथ ढकाल, नरेन्द्र घिमिरे, राजेन्द्र दहाल, विश्व बराल, राधिका खनाल, हरि नेपाल, जीवन ढकाल, इन्दिरा चापागाई, भवानी दहाल, अम्बिका खनाल, डिल्ली न्यौपाने, तुलसी निरौला, भेषराज घिमिरे, ईश्वरी दहाल, कृष्ण धिमाल, विष्णु धिमाल, नेत्र दहाल, चन्द्र दहाल, गणेश सापकोटा, पुष्प पोखरेल, इन्दिरा गुरागाईं, फूमप्रसाद फूयाल, तुलसी भट्टराई, कमल दहाल, योगेन्द्र बराल, जुद्ध लुईंटेल, हिमालय दहाल लगायतका घर रहेका थिए । सेल्टरदाता कमरेडहरूको निरन्तर साथ र सहयोगले भूमिगत कार्यकर्तालाई काम गर्न सुरक्षित र सहज हुन्थ्यो । गौरादह, महारानीझोडातिर हाम्रो पार्टी काम धेरै फैलिएको थियो । विद्यार्थी र शिक्षकहरू पनि त्यस भेगमा धेरै हुनुहुन्थ्यो । त्यस भेगमा पनि हाम्रा धेरै सेल्टर थिए । मेनुका काफ्ले कमरेडको माइती घर, मणिन्द्र कार्की, यशोदा अधिकारी, दीपक कार्की, हरिमाया मैनाली, अभय सुब्बा, हीरा थापाको ससुराली गाउँ नै हाम्रो सेल्टर थियो ।

सेल्टरदाता कमरेडहरूको पार्टीप्रतिको माया र पार्टीका कार्यकर्ताको माया अगाध थियो । बारीमा पाकेका फलफूल भूमिगत कमरेडहरूका लागि सुरक्षित हुन्थ्यो । घरमा आएपछि मिठो मसिनो खानेकुरा खान भूमिगत कमरेडहरू आएपछि सबैले मिलेर खाने भनेर राख्ने गरिन्थ्यो । सेल्टरदाता बाआमाहरूले पार्टी र पार्टी नेता–कार्यकर्तालाई आफ्ना सन्तान हुर्काएजसरी हुर्काउनु भयो । आफू नखाएर पार्टीका नेता–कार्यकर्तालाई खुवाउनु भयो । आफूलाई नभएर पनि पार्टीका नेता–कार्यकर्तालाई पहिलो प्राथमिकतामा राखेर सहयोग गर्नुभयो ।

आदरणीय खेमकुमारी काफ्ले आमाले गर्नुभएको मायाको म सम्झना गर्छु । म दक्षिण क्षेत्र गौरादह, गौरीगन्ज, महारानीझोडातिर पार्टी काममा जाँदा भूमिगत नै बस्थेँ । मुख्य सेल्टर खेमकुमारी काफ्ले आमाको घर थियो । कामको योजना बनाउने, लेख्ने, पढ्ने काम गर्दथ्यौँ । हरेक रात हाम्रा बैठक, भेला, प्रशिक्षण हुन्थे । त्यस रात धरधरेमा महिला भेलाको कार्यक्रम थियो । हामी तीन जना महिला मेनुका काफ्ले, यशोदा अधिकारी र म सेल्टरबाट निस्किएर धरधरे अर्को सेल्टरमा पुगियो । तोकिएकै समयमा सबै कमरेडहरू आउनु भयो । हाम्रो कार्यक्रम सुरु भयो । मेनुका कमरेड, यशोदा कमरेड र मैले विविध विषय र प्रसङ्गमा छलफल चलायौँ र साथीहरूले जिज्ञासा राखेर सोधिएका प्रश्नको पनि हामीले विभिन्न जोड र कोणबाट उत्तर दियौँ । रातको २ बज्यो । हाम्रो निर्धारित कार्यक्रमको समापन भयो । सबै कमरेडहरू आ–आफ्नो घरतर्फ बिदाइको हात मिलाउँदै लाग्नुभयो । हामी तीन जना पनि सेल्टरदाता कमरेडहरूसँग एकछिन कुरा गरेर त्यहाँबाट निस्कियौँ ।

औँसीको रात, चूक घोप्ट्याएजस्तो अन्धकार । आँखा चिम्लेर हिँडे जसरी बिस्तारै बिस्तारै पाइला अगाडि बढायौँ । टर्चलाइट त हातमा छ नि, के गर्ने, बाल्न हुँदैन । दुस्मनले थाहा पाउँछन् भनेर अँधेरैमा आली र भर्खरै जोतेको गराका डल्लामा लड्दै उठ्दै हामी अगाडि बढ्यौँ । केही बेरपछि आँखा पनि अँध्यारोसँग अभ्यस्त भएछन् । अलिअलि देख्न थाल्यौँ । केहीबेरको खेतको हिँडाइपछि गाउँमा निस्कियौँ । वरपर कुकुर भुक्दै थिए । हामी होसियारीपूर्वक हिँड्दै थियौँ । चोकमा पुगेपछि चारैतिरबाट कुकुर भुकेर हामीलाई छेके । हामी पनि आत्तियौँ । के गर्ने, कसो गर्ने ? बोल्न र कराउन हुँदैन, नजिकै घर छन् । छोटो समय भए पनि ठूलै आपत्ति आइलाग्यो । अब के गर्ने ? बाटैमा सिङ्गो बाँसका घना काटेर राखेको रहेछ, त्यही बाँस एक घना उचालेर चारैतर्फ फिनिनी घुमाएँ । कुकुर भुक्दै भागे । जोशमा होसै भएन, आपतका बेला सङ्कट टार्नु थियो । बाँसको घना गह्रौँ थियो, घुमाउँदा देब्रे हात मर्किएछ । टनटन गरेर दुख्न थाल्यो । दुख्यो भन्न पनि पाइने अवस्था थिएन । अघि बढ्यौँ । हातको दुखाइ अति भएपछि

साथीहरूलाई सुस्तरी हात मर्किएको कुरा भनें। यशोदा कमरेड र मेनुका कमरेडले मायालु भावले मेरो हात सुम्सुम्याउनु भयो। मायाको स्पर्शले केही राहत भएझैँ भयो।

दुखाइ झनै बढ्यो। मायाको मल्हमले मात्रै निको हुने कुरा भएन। दुखाइ बिर्सन क्रान्तिमा गोली लागेर छटपटाइरहेका योद्धाहरूलाई सम्झेँ। हातखुट्टा गुमाएर रगताम्मे भएका वीरहरूलाई सम्झेँ। मेरो त सामान्य हात मर्केको त हो नि, ठिक भैहाल्छ भन्दै मनलाई ढाडस दिँदै सेल्टरमा पुग्यौँ। मेनुका कमरेडले इसारा गर्न नपाउँदै आमाले घुरुक्क घोप्टे खोलिदिनु भयो। मेनुका कमरेडले स्नेहमिश्रित भावमा रिसाउँदै आमालाई भन्नुभयो, 'अझै तपाईं सुत्नु भएको छैन आमा ?' आमाले भन्नुभयो, 'तिमीहरू बाहिर गएपछि म कसरी सुत्न सक्छु ? तिमीहरूलाई केही आपत्ती आइलाग्यो कि ? दुश्मनले पक्रे कि भनेर मेरो मन आगोले पोलेजस्तो भतभती पोलिरहन्छ। अनि म कसरी सुत्न, निदाउन सक्छु नानी ?' यशोदाजीले भन्नु भयो, 'आमा, हामी त सधैँभरि यसरी नै हिँड्छौँ। अनि तपाईं नसुती बसेर हुन्छ त ? तपाईंको स्वास्थ्य बिग्रन्छ नि ! समस्या त आउँछन्, जान्छन नि आमा ! समस्या आएपछि समाधान गर्नुपर्छ, यसरी सोचेर हुन्छ ? हाम्रो माया गर्नलाई पनि तपाईं सुत्नु पर्छ। तपाईंको स्वास्थ्य राम्रो भयो भने मात्र हामीलाई माया गरिरहन सक्नुहुन्छ।' त्यत्तिकैमा मेनुकाजीले भन्नुभयो, 'आपत्ति त आइलागिहाल्छ नि ! यी आज पवित्राजीको हात मर्कियो।' आमा आत्तिँदै मेरो छेउमा आउनुभयो। स्नेहपूर्वक भन्नुभयो, 'खै कुन हात हो ?' मायालु भावले सुमसुम्याउनु भयो, छाम्नु भयो। मैले आफ्नी आमालाई सम्झेँ, मन त्यसै त्यसै भावुक भयो। आमाको काखमा शिर लुकाउँदै रुन मन लागेर आयो। फेरि मन दरो बनाएँ र हात आमातिर बढाएँ। 'होसियार भएर हिँड्नु पर्छ, कसरी मर्कियो ?' आमाले एकैचोटि धेरै प्रश्न सोध्नुभयो। साथीहरूले स–विस्तार आमालाई भन्नुभयो। आमाले हत्तपत्त तेल र केके दबाइ हालेर मेरो हात मालिस गरिदिनु भयो। आमाको मायाले र स्नेही स्पर्शले मेरो आधा दुखाइ निको भयो। मानिसका लागि स्नेह र माया एउटा अचूक औषधि रहेछ।

रातमा राजनीति गर्न गएका छोरीहरूलाई बोल्दा–बोल्दा भोक लाग्छ, तिर्खा लाग्छ भनेर आमाले घिउ हालेर नरम बनाएर भात भुटेर अनि तातो तातो चिया बनाएर राखिदिनु भएको रहेछ। त्यतिबेलाको हाम्रो उमेर जतिबेला पनि भोक लाग्ने, जतिबेला पनि खान सक्ने, खाएको पच्ने भएकाले आमाले हाम्रो स्थितिलाई बुझेर खाना बनाइदिनु भएको रहेछ। हामी तीनै जनालाई खाना पस्केर दिनुभयो, मिठो मानेर खायौँ।

आमाले हामीलाई यसरी नै सधैँभरि केही न केही खाने कुरा बनाएर राखिदिनु हुन्थ्यो। यस्तै आमाहरूको माया पाएर हामीलाई भूमिगत काम गर्दा जस्तोसुकै समस्या

आइपर्दा पनि सहजै सामना गर्न सक्ने आँट र प्रेरणा मिल्थ्यो । हामीले खाना खाइसकेपछि आमा फेरि मेरो छेउमा आउनु भयो । 'नानी, फेरि मालिस गर्नुपर्छ है, मैले अर्को जडी दबाइ भेटेँ' भनेर भन्नुभयो । अस्ति बुवाको हात मर्केको बेला ल्याएको थियो, च्वाट्टै भयो भन्दै तातोमा सेक्दै मालिस गरिदिनु भयो । एउटा आयुर्वेदिक औषधिको बोतल लिएर आउनु भएको थियो । मेरो हातमा तेल लगाउँदै सेक्दै गर्नुभयो । भिक्स लगाउँदाजस्तो हात झमझम भयो । मेनुकाजीले भन्नुभयो, 'पवित्राजी ! तपाईं हात सेकिसकेर सुत्न आउनू, म ओछ्यानको व्यवस्था मिलाउन जान्छु ।' यशोदाजी मेरै छेउमा बसेर आमाले सेकेको, मालिस गरेको हेरिरहनु भयो । 'नानी ! यो सुकेको ज्यानमा लुकेको बल कहाँबाट आयो ? सिङ्गै एक घना काँचो बाँस उचालेर घुमाउन सक्नुभयो ?' भन्दै हाँस्नु भयो । हामी सबै हाँस्यौँ । मैले भने, 'के गर्ने र आमा !' यत्तिकैमा यशोदाजीले मसिनो स्वरमा भन्नुभयो, 'कमरेडले त्यति नगर्नु भएको भए त हामी तीनै जनालाई कुकुरले झम्टेर रगताम्मे पार्थे होला, कस्ता खतरा कुकुर रहेछन् ।'

आमाको घरमा सेल्टर लिने कमरेडहरू को को कहाँ कहाँ पुगिसक्नु भयो ! आमा भने त्यहीँ हुनुहुन्छ । आमा पाको हुनुभयो, तर आमाका सन्तान र पार्टीलाई गर्ने माया पाको भएको छैन । आज पनि आमालाई पार्टी र भूमिगत नेताको माया उत्तिकै छ । अटल विश्वास र प्रेम अविचलित छ ।

हाम्रो समाजमा केही मानिस हुन्छन्– मुखले ठिक्क पार्ने, मन नपरेको मानिसको पनि अनेकौँ किसिमले तारिफ गर्ने, भन्छन् नि चिप्लो घस्ने बोलीले तर व्यवहार अत्यन्तै नराम्रो । तर कमरेड शान्ता मुखियाको ठिक उल्टो स्वभाव थियो । मनमा लागेका कुरा सबै पोख्ने, बोलीमा तितो पोख्ने, बोलेर कहिल्यै नअघाउने । सफा मनकी धनी, व्यवहार अत्यन्तै राम्रो । कमरेडहरूको दुःखसुख बुझ्ने र साथीलाई केही कुराको आवश्यकता भएको बुझ्नुभयो भने आफूसँग भए नभएको सबै चीज प्राप्त गरेर साथीको समस्या वा आवश्यकता पूरा गर्ने । बाहिर झट्ट हेर्दा खरो स्वभावको देखिए पनि उहाँ शान्त र फराकिलो हृदयकी हुनुहुन्थ्यो । उहाँको विशाल छातीमा दुःखसुख पिर–व्यथा सबै अटाएर हिँड्नुहुन्थ्यो । सधैँ खुसी देखिने र अरूलाई पनि खुसी बनाइरहन चाहनु हुन्थ्यो ।

उहाँका श्रीमान् जीबी मुखिया सर अत्यन्तै सरल, शिष्ट र गम्भीर स्वभावको हुनुहुन्थ्यो । थोरै बोल्ने, चाहिँदो मात्र बोल्ने । हरेक कुरामा सही विश्लेषण गर्ने । अन्यायका विरुद्धमा उभिनुपर्छ, डराउन हुँदैन भन्नुहुन्थ्यो । उहाँहरूको एक मात्र सन्तान छोरा मधु थिए । मधु सानै थिए, तोते बोली बोल्ने, सबैको बाबु थिए । उनी घरमा आउने भूमिगत कमरेडहरूसँग लुटपुटिने खेल्ने गर्दथे । सबैको प्यारो थिए– मधु ।

सुरुसुरुका दिनमा कमरेड शान्ता मुखियाको सेल्टर धेरै प्रयोग गरियो। केर्खा बजारबाट पूर्व बाटोबाट दक्षिण, बाटोको नजिकै भुइँतले काठको घर थियो। घरभित्र पसेपछि भित्रभित्रै सुत्ने, बस्ने कोठा र भान्सा कोठामा पुगिन्थ्यो। त्यसबेलाका भूमिगत कमरेडहरू त्यस सेल्टरमा धेरै बसेका थियौँ। भूमिगत कमरेडहरू घरमा आएपछि शान्ता हतारहतार मिठोमिठो खाना बनाएर ख्वाउनु हुन्थ्यो। भूमिगत कमरेडहरू घरमा आएपछि मात्र खान राखेका फलफूल झिक्नु हुन्थ्यो। बारीमा फलेका फल पनि टिप्नु हुन्थ्यो र हामी सबै वरिपरि बसेर खान्थ्यौँ। कमरेडहरू घरमा आएपछि शान्ता कमरेडले ऋण गरेर भए पनि माछा–मासु ख्वाउनु हुन्थ्यो।

एकदिनको कुरा हो, म निकै बिरामी भएर उहाँको घरमा पुगेँ। भूमिगत बसाइ, खानाको टुङ्गो नहुने, शारीरिक व्यायाम नहुने। रातमा धेरैजसो बैठक बस्ने कारणले सुत्न नपाउने। यिनै कारणले मेरो स्वास्थ्य धेरै बिग्रिएको थियो। मलाई कब्जियत भइरहन्थ्यो। धेरै औषधि खाँदा पनि ठिक नभएपछि मलाई एक जना साथीले आयुर्वेदिक औषधि ल्याइदिनु भएको थियो। त्यो औषधि मरिचको धूलोबाट बनेको रहेछ। दुई गोली औषधि एकैचोटि खाने, जति चिसो पानी खायो उति नै ट्वाइलेट लाग्ने र तातो पानी खाएपछि ट्वाइलेट रोकिने भन्नुभएको थियो। मैले नियम अनुसार नै औषधि सेवन गर्न थालेँ। मलाई चार दिनदेखि दिसा लागेको थिएन। मैले पेट सफा गर्नु थियो, त्यसैले चिसो पानी खाइरहेँ, अब ट्वाइलेट लाग्न थाल्यो। तर ट्वाइलेट जाने ठाउँ नै थिएन। धेरै अप्ठ्यारो भयो। शान्ता र जीबी मुखियाले सल्लाह गरेर समाधान निकाल्नु भयो। हाम्रो गाउँतिर मङ्सिरमा धान धेरै भएपछि, राख्ने ठाउँ नहुँदा परालको नेठुलाई जमिनमा खाल्टो खनेर राख्ने चलन थियो। त्यही नेठु राख्न बारीमा चारवटा खाल्डो खन्नुभएको रहेछ। मानिसको आवतजावतलाई ध्यान दिएर त्यही खाल्डोमा मैले ट्वाइलेट गर्नुपर्ने भयो। म चिसो पानी खाँदै दिसा गर्न जान थालेँ। म धेरै पटक गएँ, चिसो पानी धेरै खाएकाले मलाई चिसोले ग्रस्त पारेछ। अनि मलाई रगतमासी हुन थाल्यो। म धेरै कमजोर भएँ। मेरो पेट त सफा भयो। तातो पानी दिसा रोक्न खान थालेँ तर पटक–पटकको प्रयासमा पनि दिसा रोकिएन। कमरेडहरू पनि आत्तिनु भयो। शान्ता कमरेड नर्स हुनुहुन्थ्यो। उहाँले तुरुन्तै दमकमा पखाला रोक्ने औषधि लिन पठाउनु भयो। पखाला रोक्ने औषधि ख्वाउनु भयो र बिस्तारै दिसा रोकियो। म उठेर हिँड्न नसक्ने अवस्थामा पुगेकी थिएँ। शान्ता कमरेड र उहाँको श्रीमानले मलाई असाध्यै राम्रो व्यवहार गर्नुभयो। उहाँले मलाई मात्र होइन, पार्टीका सबै कमरेडलाई सहयोग गर्नु हुन्थ्यो। सलाम छ– कमरेड शान्ता, पार्टीले तपाईंको योगदानको उच्च मूल्याङ्कन गरोस्।

सानो केर्खामा अर्को महत्त्वपूर्ण सेल्टर कमरेड रुद्र चापागाईको थियो। त्यसकै छेउमा टीका भण्डारीको घर थियो। दुवै घर पार्टीका खम्बा नै थिए। रुद्र चापागाई, आमा छायादेवी चापागाई, भाइहरू, बहिनीहरू, बुहारीहरू सबै पार्टीका सहयोगी हुनुहुन्थ्यो। परिवार ठूलो थियो। सबै परिवारका सदस्यहरूले बुवाको इज्जत र सम्मान गर्दथे। बुवाको इच्छाविपरीत कसैले बोल्दैनथे। बुवा सधैँ सन्तानको भलाइ र पार्टीको हितका निम्ति काम गर्नुहुन्थ्यो। पार्टीका कार्यकर्तालाई बुवाले आफ्नै छोराछोरीजस्तो गर्नुहुन्थ्यो। उहाँको र टीका भण्डारीको सेल्टरमा धेरै भेला, प्रशिक्षण सम्पन्न हुन्थे। भूमिगत रूपमा भएका भेलामा व्यवस्थापनको जिम्मेवारी दुवै घरका छोराछोरी र बुहारीहरूले बाँडेर सहजै सम्पन्न गर्नु हुन्थ्यो।

घरभित्रै २०/२५ देखि ५०/६० जनासम्मलाई खाजा, खाना खुवाउनु, दिसापिसाब जाँदा सुरक्षाको व्यवस्था गर्नु धेरै जोखिमपूर्ण काम थियो। तर जिम्मेवारी पाएपछि सतर्कतापूर्वक कार्य सम्पन्न गर्नु हुन्थ्यो। बुवाआमाको आड–भरोसा र साहसले त्यस परिवारका छोराछोरीले जस्तोसुकै समस्या पनि समाधान गर्नु हुन्थ्यो।

रुद्र कमरेड बिहान ४ बजे उठेर श्लोक भन्नुहुन्थ्यो।

केही काम गर्न सक्दैन मर्न डराउने लाछीले
हाँक्दछ युग तोपको मुख जो ढाक्छ छातीले।

कमरेड रुद्रलाई पार्टीको धेरै चिन्ता थियो। कम्युनिस्ट पार्टीमा भएको फुट र विभाजनले साह्रै चिन्तित हुनुहुन्थ्यो। सधैँ चिन्ता लिनुहुन्थ्यो– अब कहिले कम्युनिस्ट पार्टीको एकता हुन्छ भनेर। जीवनको अन्तिम घडीमा पनि कम्युनिस्ट पार्टीबीच एकता भएको हेर्न मन छ भन्नु हुन्थ्यो। उहाँको निधन हुनुभन्दा केही दिनअगाडि हामी भेट्न गएका थियौँ। त्यसबेला पनि उहाँले 'पार्टीको एकता नभई मर्ने भएँ कमरेड म त' भनेर आँखाबाट आँशु झार्नु भयो। उहाँको निधन भयो। हाम्रो पार्टीको एउटा ज्यूँदो इतिहास ढल्यो। उहाँको निधनले झापा जिल्ला स्तब्ध भयो। सिङ्गो नेकपा (एमाले) लाई ठूलो क्षति भयो।

धरमपुरतर्फ हाम्रो भरपर्दो र महत्त्वपूर्ण कार्यक्रम गर्ने सेल्टर देवी रेग्मीको घर थियो। अरू पनि धेरै सेल्टर त्यस भेगमा थिए। लुईंटेल साथीहरूको घर, होम गौतम, होम दङ्गाल, रुद्र खड्का, बलजीत राई, पारिपट्टि शिवगन्जमा कमल कार्की, युवराज, मेनुका गौतम, ममता लिम्बू, राज लिम्बू, शेखर चापागाई, टेकनाथ शिवाकोटी, गङ्गा खनाल, हरि भेटवालका घर थिए।

दुधे बजार सम्झने बित्तिकै बजार उत्तरपट्टिको स्व. पोखराज कडरियाको घर सम्झना हुन्छ। विद्यार्थीकालदेखि नै उहाँको घर सेल्टरका रूपमा धेरै प्रयोग गरियो। सुमित्रा कडरिया विद्यार्थी राजनीतिमा सक्रिय हुनुहुन्थ्यो। पछि अनेमसङ्घ र पार्टीमा पनि सक्रिय हुनुहुन्थ्यो।

दुधेमा हाम्रा अन्य धेरै सेल्टर थिए। कमरेड दधिराम खनाल, छवि पाठक, विष्णु घिमिरे र विष्णु कमरेडका दाजुहरूको घर हाम्रा धेरै आवतजावत गर्ने सेल्टर थिए। त्यतिखेर शिव नेपाल, पार्टी राजनीतिमा एक जना अगुवा कार्यकर्ता हुनुहुन्थ्यो। पार्टीले उहाँलाई विद्यार्थीबीच पार्टी राजनीति पुऱ्याउने जिम्मेवारी दिएको थियो। मण्डले र प्रशासनले थाहा पाएर गिरफ्तार गऱ्यो। निर्मम यातना दियो। कष्टडीबाट छुटेको केही समयमा उहाँ बेपत्ता हुनुभयो। बेपत्ता भएको केही महिनापछि नचिनिने अवस्थामा उहाँको लाश जङ्गलमा फेला पऱ्यो। उहाँको जीवनसङ्गिनी सीता नेपालले धेरै ठूलो पीडा भोग्नुभयो। पतिको मृत्युपछि पनि सीता दिदीले पार्टीका नेता र कार्यकर्तालाई निरन्तर सहयोग गरिरहनु भयो। म उहाँले गर्नुभएको सहयोगप्रति आभार व्यक्त गर्दछु।

दुधे बजारबाट दक्षिणतर्फ बिरानडाँडामा हाम्रा धेरै सेल्टर थिए। विरोधीहरूले बिरानडाँडा नभनेर 'वामेडाँडा' भन्थे। त्यस डाँडामा हामी भूमिगत बस्दा आधार इलाकामा बसेको महसुस हुन्थ्यो। विरोधीहरूका घर नजिकमा थिएनन्। त्यसैले हामीले गाउँका धेरै साथी भेला गरेर प्रशिक्षण दिन्थ्यौँ। सांस्कृतिक कार्यक्रम गर्दथ्यौँ। विवाह, पूजाआजामा धेरै मानिस भेला भएका ठाउँमा सांस्कृतिक कार्यक्रम गर्दथ्यौँ।

२०४३ सालको दीपावलीमा हामीले देउसी–भैलो खेलेर पार्टीलाई रकम सङ्कलन गरेर बुझाउने भयौँ। भैलेनी खेल्ने टिम बनायौँ। १०/१५ जना महिलाको टिमलाई मनमाया घिमिरे र इन्दिरा खनालले नेतृत्व गर्नुभयो। म त्यही क्षेत्रको काम गर्ने भूमिगत कार्यकर्ता थिएँ। रातको समयमा भैलेनी खेल्ने भएकाले म पनि भैलेनी खेल्न जाने र अँध्यारोमा बसेर भैलेनी गाउन स्वर थप्ने सल्लाह भयो। भैलेनी गाउन जान्ने चाहिँ मनमाया, म, इन्दिरा र सीता नेपाल मात्रै थियौँ। अरू सबै साथीहरूलाई स्वर थप्न आग्रह गऱ्यौँ। खुबै राम्रोसँग भैलेनी खेल्यौँ। सबैले मन पराएर पार्टीलाई राम्रो आर्थिक सहयोग भयो।

घर नबिराई भैलेनी खेल्ने निर्णय गऱ्यौँ। ठूला घरमा मात्रै जाँदा साना घर हुने साथीहरूले चित्त दुखाउनु हुन्छ भनेर सबै घरमा पुगियो। जनवादी संस्कृतिको प्रचार पनि भयो। आर्थिक सङ्कलन पनि भयो। त्यो रातभरि हामीले भैलेनी खेल्यौँ। एक जना गरिबको घरमा भैलेनी गाउँदै, घरबेटी जगाउन मैले एउटा गीत गाएँ 'उठ उठ घरबेटी

दिदी भैली खेल्न आएका छौं ...' भन्दै अर्को टुक्का थपेँ 'टल्केको टिन टल्केको टिन, गरिबको आएन लै लै सुखको दिन' गरिबको मन छुने राम्रै गीत गाएँ होला भनेर खुब स्वर तानी–तानी गाएँ। साथीहरू खुब हाँस्न थाल्नु भयो। म छक्क परेँ, किन रहेछ साथीहरू यति धेरै हाँस्नु भएको भन्दा त त्यो घरबेटी साथीको नाम टल्कबहादुर रहेछ। गरिब अछूत जाति भनेर हेपेर टल्के भन्दा रहेछन्। मलाई निकै अप्ठ्यारो लाग्यो। मैले उहाँको नाम बुझेर गीत बनाएकी थिइनँ। संयोग त्यस्तै परेछ।

घरबेटी दाइ बाहिर निस्केर भन्नु भयो, 'हैन मेरै नाममा गीत बनाउनु भएछ बहिनीहरूले, कत्ति राम्रो गीत' भन्दा पो म झसङ्ग भएँ। अप्ठयारो महसुस गरेँ र भनेँ, 'दाइ यो गीत तपाईंको नाममा बनाएको होइन। मिल्न गएछ, संयोग मात्र हो। चित्त नदुखाउनु होला, माफ पाऊँ।' अँध्यारोबाटै 'हैन बहिनी ! माफ माग्नु पर्दैन। म त खुसी पो भएँ, मेरो नाममा गीत बनाउनु भएछ भनेर' भन्नुभयो। दाइले खुसी हुँदै हामीलाई दक्षिणा दिनुभयो। हामी पनि हाँस्दै बिदा भयौँ।

यसरी पार्टीलाई आर्थिक सहयोग जुटाउन देउसी/भैलो खेल्ने, कुखुरा बाख्रा पाल्ने, मङ्सिरमा साथीहरूका घरबाट धान, चामल उठाउने, अनेकौँ माध्यम खोजेर पार्टीलाई आर्थिक सहयोग गरेर जनताले दिलैदेखि पार्टीको विकास गरेका थिए।

देवी रेग्मीको घर धरमपुर र शिवगञ्जको सिमानामा थियो। घरका सबै परिवार सचेत हुनुहुन्थ्यो। पार्टीले सुम्पेको जिम्मेवारी पूरा गर्न त्यो परिवार उत्साहित र जिम्मेवार पनि थियो। हाम्रो पार्टीका गतिविधि बाक्लै हुन्थे। भूमिगत कमरेडहरूको आवतजावत पनि धेरै हुन्थ्यो। पार्टीले २०४४ फागुनमा झापामा केन्द्रीय विस्तारित बैठक बस्ने प्रस्ताव ल्यायो। त्यसबेला मेची अञ्चलको जिम्मेवार कमरेड अमृत बोहरा हुनुहुन्थ्यो। झापा जिल्ला हुँदै तल्लो मातहत कमिटीमा पनि प्रस्ताव आयो। त्यसबेलामा हामी इलाका कमिटीमा थियौँ। उक्त सेल्टर हाम्रै इलाकामा पर्ने हुनाले हामीले पनि उत्साहित भएर देवी रेग्मीको घर उपयुक्त हुने पार्टी जिल्ला कमिटीलाई सुझाव पठायौँ।

अन्त्यमा उक्त बैठक देवी रेग्मीकै घर (सेल्टर) मा बस्ने भयो र सम्पूर्ण व्यवस्थापनको तयारी गर्न हामीलाई जिम्मेवारी दिइयो। हामीले सहर्ष स्वीकार गर्दै पार्टीको निर्देशन अनुसार तयारीमा जुट्यौँ। तीन दिनसम्म चल्ने बैठकमा ६२ जिल्लाबाट सहभागिता रहेको थियो। बैठकमा पार्टीका नेता कमरेडहरू मदन भण्डारी, माधव नेपाल, सीपी मैनाली, मोदनाथ प्रश्रित, झलनाथ खनाल, युवराज ज्ञवाली, ईश्वर पोखरेल, केपी ओली, अमृत बोहरा लगायतका केन्द्रीय स्तरका नेता कमरेडहरूको उपस्थिति थियो। उक्त बैठकको सम्पूर्ण तयारीमा हामीलाई बारबार सल्लाह दिने अष्टलक्षी शाक्य हुनुहुन्थ्यो।

बैठकमा सुरक्षाको कडा व्यवस्था गरिएको थियो। जिल्लाको निर्देशनमा माई पश्चिम क्षेत्रीय कमिटी, इलाका कमिटीले कामको बाँडफाँट व्यवस्थित गरी सहज रूपमा बैठक सम्पन्न गरियो।

त्यसबेला गाउँका घरहरूमा ट्वाइलेट बनाउने चलन थिएन। हामीलाई सय जना मानिसलाई घरभित्रै ट्वाइलेट व्यवस्था गर्न निक्कै गाह्रो भयो र हामीले प्लास्टिकको पाइप राखेर व्यवस्थित ट्वाइलेट बनायौँ। सबैलाई समय–समयमा चिया, खाजा र खानाको व्यवस्था गरेका थियौँ। हामीले व्यवस्थापन राम्रो गरेकामा अष्टलक्ष्मी शाक्यमार्फत धन्यवाद पायौँ। पार्टीका लागि काम गर्न पाएको र त्यसबापत धन्यवादसमेत पाएकामा हामी अत्यन्तै खुसी भयौँ।

केही महिनापछि स्थानीय कमिटीको बैठक पनि त्यही सेल्टरमा राखियो। विश्व बराल, होम दङ्गाल, होम गौतम, बलजित राई र अरू पनि कमरेडहरू बैठकमा उपस्थित हुनुहुन्थ्यो। बलजित लगायत तीन जना कमरेड रातको १ बजे बैठक सकेर निस्कनुभयो। अरू हामी केही विषयमा छलफल गरेर सुत्ने तयारीमा लागेका थियौँ। मैले धेरै दिनदेखि लुगा धुन पाएकी थिइनँ। त्यसबेला हामीसँग धेरै लुगा हुँदैन थियो। मैले लुगा धुने विचार गरेर बहिनीसँग फेर्ने लुगा मागेँ। बहिनीले सर्ट र फ्रक दिनुभयो। मैले लुगा धोएँ। उमेरले म बहिनीभन्दा जेठी भए पनि मेरो शारीरिक बनोट सानो भएकाले उमेरभन्दा सानी देखिन्थेँ। म बहिनीकै लुगा लगाएर सुतेँ। कमरेडहरू पिसाब फेर्न घोप्टे उघारेर तल झर्दा घरवरिपरि पुलिसले घेरेको देखेर आत्तिँदै माथि आउनुभयो। म जुरुक्क उठेर पार्टी दस्ताबेजको झोला जुटको बोराले छोपेँ, त्यति गर्दा पुलिस माथि नै आइपुगेका रहेछन्। म तुरुन्तै मुख नदेख्ने गरी कोल्टे फर्केर सुतेँ। पुलिसले अत्यन्तै फोहोरी शब्द बोल्दै साथीहरूलाई डोरीले बाँध्न थाल्यो। म केही थाहा नपाएजसरी सुतिरहेँ। घरको बुवा देवी रेग्मीलाई पनि पुलिसले बाँध्यो। भाइ रामकुमारलाई पनि बाँध्यो। दुई जीउकी बुहारीलाई र आमालाई पनि 'हिँड् ए वामेका छाउरीहरू' भन्दै गाली गर्न थाले। म के गरौँ के गरौँ भएँ। जुरुक्कै उठौँ कि, के गरौँ भयो। आफ्नो घर सेल्टर दिएको र विचार मन पराएकामा बुवा, आमा र गर्भवती बुहारीलाई गरेको अपमान देखेर म सुतिरहन नसक्ने अवस्थामा पुगिसकेकी थिएँ। त्यही बेला एउटा पुलिसले म सुतेको ठाउँमा टर्च देखाउँदै 'ए यो पनि वामे होली, उठ उठ' भन्दै थियो, उताबाट बुवा देवी रेग्मी पाता फर्काएर बाँधेको अवस्थाबाट बोल्नु भयो– यो मेरी कान्छी छोरी हो, यसलाई केही थाहा छैन, यसलाई छोडिदेऊ' भनेपछि पुलिसले पनि मलाई सानी नै देख्यो होला, अर्कोतर्फ लाग्यो।

त्यतिबेला मैले सोचेँ– म एक जना मात्र गिरफ्तार नहुँदा पनि पार्टीलाई धेरै फाइदा हुन्छ भनेर होला, बुवाले मलाई बचाउनु भएको। म भर्खरै मात्र जेलबाट छुटेकी थिएँ। त्यसैले कति यातना भोग्ने भनेर मलाई बचाउनु भएको होला भन्ठानेर गहिरो निद्रामा परेजसरी अ....आ.... गर्दै अर्कोतर्फ फर्केर अझै मुख नदेख्ने गरी सुतेँ। जब कमरेडहरूलाई बाटोमा निकालेर थानातर्फ लग्यो, अनि हामीले घरमा भएका सम्पूर्ण पार्टीका सामग्री अर्को सेल्टरमा सार्‍यौँ। आमा र बुहारीलाई नडराउन र नआत्तिन सम्झाउँदै म पनि मेरा झोलाहरू छाम्न थालेँ। पार्टी सामग्री भएको झोला पुलिसले भेटेन, तर मेरो परिचयपत्र भित्री लुगा र काइँयो भएको झोला पुलिसले लगेछ। त्यसपछि आमा, बहिनी, र बुहारी झन् आत्तिनु भयो। तपाईंको परिचयपत्र भेटेछ, अब फेरि पुलिस आउँछ होला भनेर आतङ्कित हुनुभयो। पुलिस आएर तपाईंहरूलाई सोधे भने हामीलाई थाहा छैन भन्नुहोस् भनेर म पारि शिवगञ्जमा तारा गाउँलेको घरमा ४ बजे बिहान ढोका ढकढक्याउन पुगेँ। म त्यहाँ पुग्दा कमरेड जीवन घिमिरे त्यहीँ हुनुहुँदो रहेछ। उहाँ हामीलाई गिरफ्तार गरेको जानकारी पाएर देवी कमरेडको घर नजिकैबाट आउनु भएको रहेछ। मलाई देखेर एकछिन जीवन र तारा आत्तिनु भयो। कसरी आउनु भयो भनेर सोध्नु भयो। मैले बेलीबिस्तार लगाएँ।

यसरी सेल्टरदाताहरू आफू दुःख सहेर पार्टीका कमरेडहरूलाई जोगाउनु हुन्थ्यो। आफूले नखाएर पार्टीका कमरेडहरूलाई ख्वाउनु हुन्थ्यो। आफू मरेर पार्टी बचाउने यस्ता हजारौँ हजार सेल्टरदातालाई हाम्रो पार्टीले उच्च मूल्याङ्कन गर्दै उच्च सम्मान गर्नु पर्दछ। हाम्रो पार्टी यस्ता तमाम सेल्टरदाताहरूको काखमा हुर्किएको पार्टी हो। जनताको विश्वास, भरोसा र सपना यो पार्टीसँग छ। पार्टीका वास्तविक आमाबुवा भनेका सेल्टरदाताहरू नै हुन्। उहाँहरूका आँखामा पार्टीप्रति आज पनि उत्तिकै विश्वास, भरोसा, आस्था र स्नेह छ। सेल्टरदाताहरूका सपना मर्नु हुँदैन। आस्थाको धरोहर ढल्नु हुँदैन। ●